मुख्यमन्त्री

मुख्यमन्त्री
कोशी प्रदेश
बिराटनगर, नेपाल

कोशी प्रदेश
पर्यटन वर्ष २०८२

कोशी प्रदेश, विराटनगर, नेपाल

# शुभकामना

जातीय भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवसको अवसरमा देश विदेशमा रहनुभएका आम नेपालीमा हार्दिक शुभकामना व्यक्त गर्दछु । जातीय विभेद उन्मूलनका लागि न्यायपूर्ण आन्दोलनमा होमिएर जीवन आहुती गर्नुहुने तमाम सहिदहरूप्रति उच्च सम्मान व्यक्त गर्दै भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु ।

२०६२/६३ को ऐतिहासिक जनआन्दोलनको जगमा हामीले हाम्रा उपलब्धिहरूलाई संस्थागत गर्दै अगाडि बढ्ने क्रममा यो दिवस मनाउन सुरु गरेका हौं । जातिय विभेद र छुवाछुत उन्मूलन गर्ने राष्ट्रिय संकल्पसहित जातीय छुवाछुत मुक्त राष्ट्र घोषणा गरिएको दिनको अवसरमा मनाउन थालिएको यो दिवसले सबै खालका विभेद अन्त्य गर्ने अपेक्षा गरेको छु । न्यायपूर्ण र समतामूलक समाज निर्माण गर्ने राष्ट्रिय संकल्प साथै "समृद्ध नेपाल सुखी नेपाली"को राष्ट्रिय आकांक्षा पूरा गर्न पनि हामीले सबै खालका विभेद र विकृतिपूर्ण संस्कारहरूलाई हटाउदै अगाडि बढ्नुपर्ने आवश्यकता छ ।

यस दिवसले सामाजिक, राजनीति, आर्थिक, साँस्कृतिक र जातीय आधारमा हुने सबै खालका विभेदहरू अन्त्य गर्ने विश्वास लिएको छु । नेपाल बहुजातिय, बहुभाषिक र बहुसाँस्कृतिक मुलुक हो । विविधताबिचको एकतामा रमाएको मुलुकमा रहेका सबैको सम्मान र समान हक स्थापित गर्नुपर्दछ । सबै जातजाति, धर्म र संस्कृति मान्नेहरूको एकता र हातेमालोबाट नै मुलुक समृद्ध हुन सक्दछ । आजको दिनले हामीबीच एकता, भाइचारा, सहकार्य र सहिष्णुता स्थापित गर्ने विश्वास लिएको छु । सहकार्य र सहस्तित्वको आधारमा नै हामीले विकासका पाइलाहरू अगाडि बढाउन सक्दछौं ।

अन्त्यमा, यस दिवसका माध्यमबाट हामीलाई न्यायपूर्ण, समतामूलक, सुसंस्कृत र विभेदरहित समुन्नत राष्ट्र निर्माण गर्न प्रेरणा मिलिरहोस् भन्ने कामना गर्दछु ।

२१ जेठ २०८२

हिक्मत कुमार कार्की
मुख्यमन्त्री
कोशी प्रदेश

मुख्यमन्त्री